म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०६ सोमबार १२ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 28 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थप ४ जनामा डेंगु संक्रमण पुष्टि

हेटौंडा, ११ मंसिर/मकवानपुरमा डेंगु संक्रमितको संख्या ५ हजार ७१४ जना पुगेको छ । आईतबार थप ४ जनामा डेंगु संक्रमण पुष्टि भएसँगै जिल्लामा संक्रमितको संख्या ५ हजार ७१४ जना पुगेको हो । स्वास्थ्य कार्यालय मकवानपुरले गत साउन महिनादेखि आईतबारसम्ममा मकवानपुरमा उक्त संख्यामा डेंगु देखिएको जनाएको छ । जसमा ३ हजार १३९ जना पुरुष र २ हजार ५७५ जना महिला रहेका छन् । जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगर पालिकामा रहेका छन् । जसअनुसार, हेटौंडा उपमहानगरपालिकामा २ हजार ३६६ जना पुरुष र १ हजार ९०९ जना महिला गरी ४ हजार २७५ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५२२ जना पुरुष र ४७६ जना महिला गरी ९९८ जना, थाहा नगरपालिकामा १०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३० जना महिला गरी ७५ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् ।

# मकवानपुरमा जसले एकसय मत पनि कटाउन सकेनन्

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मंसिर ४ गते भएको प्रतिनिधिसभा र प्रदेशसभाको मकवानपुरमा ६ वटै निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम आइसकेको छ ।

दुईवटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको मकवानपुरको ६ वटै निर्वाचन क्षेत्रको अन्ति मतपरिणाम आइसकेको हो । जिल्लाको दुईवटा प्रतिनिधिसभा राप्रपा र एमालेले बाडेका छन् भने ४ प्रदेशसभामध्ये २ मा माओवादीले जित्दा कांग्रेस र एमालेले १/१ वटामा चित्त बुझाएको छ । मकवानपुरको प्रतिनिधिसभा १ मा राप्रपाका दीपकबहादुर सिंह र २ मा एमालेका महेश बर्तौंला विजयी भएका हुन् । त्यस्तैगरी १ को १ मा नेकपा माओवादी केन्द्रका प्रेम बहादुर पुलामी, १ को २ मा एमालेका एकालाल श्रेष्ठ, २ को १ मा माओवादीकी कुमारी मोक्तान र २ को २ मा नेपाली कांग्रेसका ईन्द्रबहादुर निर्वाचित भएका छन् । मकवानपुरमा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा मकवानपुरमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि गरी ६९ जनाले उम्मेदवारी दिएका थिए । जसमा २४ जना उम्मेदवारको सयभन्दा कम मत आएको छ । निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले सार्वजनिक गरेको अन्तिम मत परिणामअनुसार प्रतिनिधि सभाको दुई निर्वाचन क्षेत्र रहेको



यस जिल्लामा प्रतिनिधि सभा सदस्यका २६ जना उम्मेदवार रहेकोमा नौं जनाले एक सयभन्दा कम मत प्राप्त गरेका छन् ।

निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले सार्वजनिक गरेको अन्तिम मत परिणामअनुसार ८ मत मात्र पाउने उम्मेदवारसमेत छन् । नेपाल मजदुर किसान पार्टी, नेकपा माले, जनता समाजवादी पार्टीलगायतका कतिपय पुराना दलले मत पाउन नसक्दा र कांग्रेस, एमाले र माओवादी केन्द्रप्रति असन्तुष्टि बढ्दै गर्दा नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी राम्रै मत प्राप्त गर्न सफल भएको छ । मकवानपुरका प्रतिनिधि सभा क्षेत्र नं. १ मा सय मत नकटाउने चारवटा दल र दुई स्वतन्त्रसहित छ जना छन् । १६ जना उम्मेदवार रहेको यस क्षेत्रमा दुई स्वतन्त्रसहित १२ जना प्रतिनिधि सभा सदस्यका उम्मेदवारको एक हजारभन्दा कम मत आएको छ । गणना भएको मत ९१ हजार १०९ मा बदर मत पाँच हजार ५४ रहको छ । प्रतिनिधि सभा क्षेत्र नं. १ को (क)मा दुई स्वतन्त्रसहित तीन जना उम्मेदवारको सयभन्दा कम आएको छ । दुई स्वतन्त्रसहित १० जना प्रदेश सभा सदस्य उम्मेदवार रहेको यस प्रदेश सभा क्षेत्रमा सात जना उम्मेदवारले एक हजारभन्दा कम मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ । यस क्षेत्रमा ४५ हजार ९९८ मत गणना भएकोमा एक हजार ६६३ मत बदर भएको थियो। यस्तै प्रतिनिधि सभा क्षेत्र नं. १ को (ख)मा छ जना स्वतन्त्रसहित १५ जना प्रदेश सभा सदस्य उम्मेदवार रहेकोमा पाँच जना स्वतन्त्रबाहेक सबै उम्मेदवारले सयभन्दा बढी मत ल्याएका छन्।

यस्तै चार जना प्रदेश सभा सदस्य उम्मेदवारको मात्र एक हजारभन्दा बढी मत आएको छ । यस क्षेत्रमा ४५ हजार ८० मत गणना भएकोमा एक हजार ५०४ मत बदर भएको छ । यस्तै प्रतिनिधि सभा क्षेत्र नं. २ मा एक जना स्वतन्त्र उम्मेदवारसहित तीन जनाले सय मत कटाउन सकेका छैनन्। एक जना स्वतन्त्रसहित १० प्रतिनिधि सभा सदस्य उम्मेदवार रहेको यस क्षेत्रमा एक हजार मत पनि प्राप्त नगर्ने उम्मेदवारको संख्या पाँच रहेको छ । यस क्षेत्रमा ८६ हजार ३०१ मत गणना भएकोमा चार हजार १०२ मत बदर भएको थियो । प्रतिनिधि सभा क्षेत्र नं. २ को (क)मा तीन स्वतन्त्रसहित आठ जना प्रदेश सभा सदस्य उम्मेदवार रहेकोमा दुई स्वतन्त्र उम्मेदवारको सयभन्दा कम मत आएको छ भने एक हजार भन्दा कम मत ल्याउनेमा पाँच हजार उम्मेदवार रहेका छन्। यस क्षेत्रमा ४५ हजार ८५३ मत गणना भएकोमा एक हजार ५९९ मत बदर भएको थियो। त्यसैगरी प्रतिनिधि सभा क्षेत्र नं. २ को (ख)मा तीन स्वतन्त्रसहित १० जना प्रदेश सभा सदस्य उम्मेदवार रहेकोमा पाँच उम्मेदवारले सयभन्दा कम र सात उम्मेदवारले एक हजारभन्दा कम मत प्राप्त गरेका छन्। यस निर्वाचन क्षेत्रमा ४० हजार ३७८ मत गणना भएकोमा एक हजार ४४९ मत बदर भएको छ ।

# बागमती प्रदेशसभामा कांग्रेस ठूलो दल

## सरकार गठनमा माओवादी निर्णायक

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ बागमती प्रदेशसभाले दोस्रो कार्यकालका लागि प्रत्यक्षतर्फका ६४ जना सांसद पाएको छ । निर्वाचन आयोगका अनुसार प्रदेशसभाले ६६ निर्वाचन क्षेत्रमध्ये ६४ निर्वाचन क्षेत्रबाट सांसद पाएको हो ।

२ जना सांसद भने दोलखामा मतदानका क्रममा विवाद भएपछि चुनाव रोकिएकाले निर्वाचित हुन पाएका छैनन् । १ सय १० कुल प्रदेशसभा सदस्यमा ६६ जना प्रत्यक्ष निर्वाचनबाट र बाँकी सांसद समानुपातिकबाट निर्वाचित हुने छन् । आइतबारसम्म ६४ जना सांसद प्रदेशसभाले पाएको हो । समानुपातिकतर्फ कुन दलले कति सांसद पायो भन्ने बारे अहिले नै टुंगो लागिसकेको छैन् । तर, प्रत्यक्षतर्फको नतिजाका आधारमा नेपाली कांग्रेस बागमती प्रदेशसभाको ठूलो दल बनेको छ । प्रत्यक्षमा २४ सिट जितेको कांग्रेसले थप सिट समानुपातिकबाट ल्याउने निश्चित छ ।

प्रत्यक्ष र समानुपातिक गरेर कांग्रेससँग हुने कुल सांसद संख्यासँग अन्य दलका सांसद संख्या कम हुने निश्चित छ । जस कारण कांग्रेस प्रदेशसभाको पहिलो दल बनेको हो । अघिल्लो कार्यकाल अर्थात २०७४ मा भएको प्रदेशसभा निर्वाचनबाट कांग्रेससँग प्रत्यक्ष र समानुपातिक गरेर २१ सिट थियो । प्रदेशसभामा कांग्रेस तेस्रो दल थियो । अघिल्लो कार्यकालमा माओवादी २३ सिटसहित दोस्रो र नेकपा एमाले पहिलो ठूलो दल रहेको थियो । पार्टी विभाजन अघिसम्म एमालेसँग सरकार बनाउने स्पष्ट बहुमत अर्थात ५७ जना सांसद थिए । ०७४ को निर्वाचनमा एमाले र माओवादी मिलेर निर्वाचनमा होमिँदा यी दुई दलले धेरै सिट ल्याएका थिए । कांग्रेस एक्लै निर्वाचन लड्दा तेस्रोमा खुम्चिएको थियो ।

त्यसको पाँच वर्षपछि एमालेले ठूलो दलको हैसियत गुमाएको छ भने कांग्रेसले सुधार गरेको छ । हालसम्मको नतिजाअनुसार प्रत्यक्षतर्फ १४ सिट जितेको माओवादी दोस्रो ठूलो दल र १२ सिट जितेको एमाले तेस्रो दल छ । तर, समानुपातिकमा एमालेले धेरै सिट ल्याउने देखिएका कारण अहिले नै दोस्रो र तेस्रो दल कुन ? भन्न सकिने स्थिति छैन् । बागमती प्रदेशमा १८ जना उम्मेदवार रहेकामध्ये माओवादीका १४ उम्मेदवार निर्वाचित भएका हुन् । माओवादीबाट निर्वाचित अधिकांश प्रदेशसभा सांसद ५० वर्ष कम उमेरका छन् । माओवादीबाट चितवनमा पूर्वमन्त्रीसमेत रहेका घनश्याम दहाल हारे । बागमतीमा एमालेका १२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का ७, नेकपा एकीकृत समाजवादीका पाँच तथा नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टीका एक/एक उम्मेदवार निर्वाचित भएका छन् । अघिल्लो कार्यकालमा राप्रपाका समानुपातिकबाट २ सांसद थिए । एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादीसँग १३ जना सांसद थिए । यसअघि प्रदेशसभामा विवेकशील साझा पार्टीका तीन समानुपाकित सांसद, जसपाको एक प्रत्यक्ष निर्वाचित सांसद थिए । आगामी कार्यकालका लागि बाँकी दुई सांसद दोलखाबाट निर्वाचित हुनेछन् । निर्वाचन आयोगका अनुसार दोलखामा पुनः निर्वाचन हुने देखिएको छ । बुथ कब्जा गरेको प्रमाण भेटिएपछि आयोगले दोलखामा पुनः मतदान गराउने तयारी गरेको हो । दोलखाबाट गत निर्वाचनमा एक जना एमाले र एक जना माओवादीबाट निर्वाचित भएका थिए ।

बागमती प्रदेशसभामा दलका सिट संख्या टुंगिएसँगै सरकार गठनबाट चर्चा सुरु भइसकेको छ ।

*बाँकी पृष्ठ-३ मा....*

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बरः**

९८४५०२७०६४/९८५५०६८०३८

## चुनाव जितेपछि धन्यवाद दिन गाउँगाउँ पुग्दै

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मकवानपुरको दुई वटा प्रतिनिधिसभा र चार वटा प्रदेशसभा निर्वाचन जितेका उम्मेदवारहरु मतदातालाई धन्यवाद दिन गाउँगाउँ पुगेका छन् ।


निर्वाचनमा विजयी भएको भोली पल्टैदेखि निर्वाचित उम्मेदवारहरु गाउँगाउँ डुलिरहेका हुन् । उनीहरुले मतदाताहरुलाई मत दिएर चुनाव जिताएको भन्दै प्रतिबद्धता अनुसार काम गर्ने वचन पनि दिएका छन् ।

आइतबार बिहानको झिसमिसेदेखि धन्यवाद दिँदै आएका २ नम्बर क्षेत्रबाट निर्वाचित एमालेमा महेशकुमार बर्तौंला राती अबेरसम्म पनि हेटौंडा-१९ का मतदाताको घर घर पुगेका थिए । बर्तौंलाले समय तालिका नै बनाएर धन्यवाद कार्यक्रमलाई निरन्तरता दिइरहेका हुन् । उनले मकवानपुरगढी-५, स्थित सहिद बासुदेव घिमिरेको घर बाट धन्यवाद ज्ञापन कार्यक्रम सुरु गरेका थिए ।

प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट विजयी राप्रपाका दिपकबहादुर सिंह पनि धन्यवाद दिन घरदैलोमा पुगिरहेका छन् । उनले फोन गरेर बोलाएकाहरुको घरमा पुगेर धन्यवाद दिइरहेका हुन् ।

मकवानपुर क्षेत्र नम्बर -१ को प्रदेशसभा (क) मा नेकपा माओवादी केन्द्रबाट विजयी प्रेमबहादुर पुलामी, प्रदेशसभा (ख) का एमालेबाट विजयी भएका एकालाल श्रेष्ठ, क्षेत्र नम्बर-२ को प्रदेशसभा (क) मा बिजयी माओवादीकी कुमारी मोक्तान, प्रदेशसभा (ख)बाट विजयी भएका नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँ मतदाताहरुलाई धन्यवाद दिने काममा व्यस्त भएका हुन् ।

**हार्दिक बधाई तथा शुभकामना**




दीपकबहादुर सिंह (प्रतिनिधिसभा सदस्य, मकवानपुर-१)

महेशकुमार बतौंला (प्रतिनिधिसभा सदस्य, मकवानपुर-२)






प्रेमबहादुर पुलामी (प्रदेशसभा सदस्य) मकवानपुर-१ (क)

एकालाल श्रेष्ठ (प्रदेशसभा सदस्य) मकवानपुर-१ (ख)

कुमारी मोक्तान (प्रदेशसभा सदस्य) मकवानपुर-२ (क)

ईन्द्र ब. बानियाँ (प्रदेशसभा सदस्य) मकवानपुर-२ (ख)

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ बाट क्रमशः प्रतिनिधिसभाको सदस्य र प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सम्झौता सापकोटा (संचालक) एवम्

**हिमालयन मोटर्स प्रा.लि. परिवार**

हेटौंडा, चौकीटोल

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

**BBS ADMISSION OPEN**



Hetauda-4, Makawanpur

info@hsm.edu.np

057524701, 057524711

9855074222

www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

साझाकुरा

## हाम्रो कुरा

# समाज सुधार गर्न षडानन्दबाट सिक्नुपर्छ

नेपालका प्रसिद्ध समाजसेवी, आबाल ब्रह्मचारी, साधु तथा शिक्षाप्रेमी षडानन्द अधिकारी अर्थात् बाला गुरु षडानन्दको जन्म आजको दिन भोजपुर जिल्लामा भएको थियो । भोजपुरको दिङ्लागडी गाउँमा १९८२ सालमा बाला गुरु षडानन्दको जन्म भएको हो । पिता लक्ष्मीनारायण र माता रुक्मिणीको कान्छो पुत्रका रूपमा जन्मिनुभएका षडानन्द पछि गएर आबाल ब्रह्मचारी गुरु षडानन्दको नामले प्रसिद्ध हुनुभएको हो । उहाँ जन्मिँदा उहाँका पिता लक्ष्मीनारायणको मृत्यु भइसकेको थियो ।

उहाँले पूर्वी नेपालमा शिक्षाका लागि गर्नु भएका पहलहरू अतुलनीय छन् । तत्कालीन समयमा राणा शासनका कारण नेपालमा सर्वसाधारण जनताका छोराछोरीले पढ्न पाउँदैनथे । सीमित व्यक्तिले मात्र विद्यालय जान पाउँथे । त्यस समयमा भोजपुरमा संस्कृत पाठशाला खोलेर गुरु षडानन्दले पूर्वी नेपालमा शिक्षाको बिउ रोप्नु भएको थियो । अत्यन्त दुःखले शिक्षा आर्जन गर्नुभएका षडानन्दले जीवनमा कठोर तपस्या गरेर योग साधना, अष्टांगयोग साधक तथा पूर्वी दर्शनका ज्ञाताको रूपमा आफूलाई स्थापित गराउनुभयो । कठोर तपस्याले उहाँलाई दैवी शक्तिको उपहार पनि मिलेको विश्वास गरिन्छ । पछि उहाँलाई श्री १०८ को उपाधिले समेत सम्मान गरिएको थियो । उहाँको सम्मानमा भोजपुर जिल्लामा एउटा नगरपालिकाको नाम षडानन्द नगर पालिका राखिएको छ । उहाँको सम्मानस्वरुप २०५१ सालमा नै नेपालमा हुलाक टिकट सुरु गरिएको थियो । १९३२ साल चैत शुक्ल राम नवमी सोमबारको दिन बाला गुरु षडानन्दले दिङ्लामा नर्मदेश्वर शिव मन्दिर स्थापना गरे । र, त्यहिँ विद्यालय स्थापना गरेर आफैंले अध्यापन कार्य सञ्चालन गर्नु भएको थियो ।

भोजपुरमा सती प्रथाको अन्त्य, छुवाछुतको विरोध गरेर गुरु षडानन्दले समाज सुधारमा ठूलो योगदान गर्नुभएको छ । १९६६ सालमा धर्म पत्रिकामार्फत आफ्नो सिर्जना प्रकाशित गरी विद्यालयको सञ्चालन, व्यवस्थापन तथा मन्दिरको पूजापाठ, मेला पर्व आदि सञ्चालनको सम्पूर्ण व्यवस्था मिलाएपछि उहाँ काठमाडौँ, टेकुको पचली घाटमा अवस्थित आश्रममा फर्किनु भएको थियो । १९७३ सालको ज्येष्ठ शुक्ल त्रयोदशीका दिन योग साधनामा रहँदा रहँदै उहाँ ब्रह्मलीन हुनुभएको मानिन्छ । समाज सुधारमा कुनै एक व्यक्तिले धेरै योगदान दिन सक्छ । आज पनि नेपाली समाज सुधारको लागि धेरै कार्यहरु गर्न आवश्यक देखिन्छ । त्यस्ता सुधारका काम गर्न षडानन्दको कार्यहरुबाट सिक्ने हो कि ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १३ गते मंगलबार २९ नोभेम्बर २०२२ । मंसिर षष्ठी शुक्लपक्ष । थिंलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ५:६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सभा-समारोहमा अवसरमिल्नेछ | तुला | : व्यापारमा लाभ हुनसक्नेछ |
| वृष | : आत्मविश्वासमा कमी आउनेछ | वृश्चिक | : काममा सफलता मिल्नेछ |
| मिथुन | : व्यापारमा हानि हुन सक्नेछ | धनु | : अधुरा कामहरु पूरा हुनेछ |
| कर्कट | : समाजमा सराहना हुनेछ | मकर | : स्वास्थ्यको समस्या आउनेछ |
| सिंह | : मन प्रसन्न रहनेछ | कुम्भ | : परिवारमा सुखद माहौल रहनेछ |
| कन्या | : विरोधी परास्त हुनेछन् | मीन | : स्थिति अनुकूल बन्नेछ |

# रास्वपाले अब हिंड्नुपर्ने बाटो



केशवप्रसाद भट्टराई

आसन्न चुनावबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नैराश्यताका बीचमा बरालिइरहेको नेपालको राजनीतिमा नयाँ आयामको सुरुवात गरेको छ । वास्तवमा रास्वपाको उदयलाई परम्परागत राजनीतिक प्रणालीबाट नवीनतम र समकालीन समाज सुहाउँदो राजनीतिक प्रणालीतर्फको "पाराडाइम सिफ्ट" का रूपमा पनि लिन सकिन्छ ।

त्यसो त कांग्रेस र एमालेको राजनीतिक विचारमाथि धावा बोल्दै वैकल्पिक राजनीतिक धारको निर्माणका लागि तत्कालीन माओवादी पार्टी, मधेशी जनअधिकार फोरमले राजनीतिमा "युटर्न' ल्याउन नखोजेका होइनन् तर ती दलले जनअपेक्षा अनुरूप राजनीतिक, सामाजिक तथा आर्थिक प्रणालीको संस्थागत विकास गर्न सकेनन् ।

फेरि ७० को सुरुवातमा उदाएका विवेकशील, नयाँ शक्ति तथा साझा पार्टीले वैकल्पिक धारको बहस सिर्जना गर्न खोजेको भए पनि उनीहरू आफैं स्खलित हुन पुगे । यसरी हेर्दा राजनीतिमा 'पाराडाइम सिफ्ट' का प्रयत्नहरू भइरहेका थिए । तर ती अभ्यास परिपक्व र चिरस्थायी बन्न सकेनन् ।

यो पृष्ठभूमिमा उदाएको रास्वपाले जनअपेक्षालाई पूरा गर्दै आफूलाई समाजमा परिपक्व, संस्थागत तथा मजबूत शक्तिको रूपमा स्थापित गर्न अब कस्तो बाटो अवलम्बन गर्नुपर्ला ? आफ्ना विचारलाई सामाजिक, आर्थिक तथा राजनीतिक विज्ञानको प्रयोगशालाबाट अनुमोदित गराउन कस्ता रणनीति लिनुपर्ला ?

***नवीनतम सिद्धान्तको अभ्यास***

सिद्धान्तविहीनताले पुराना दललाई पतनोन्मुख बनाइरहेको अवस्थामा वैकल्पिक शक्तिको रूपमा उदाएको रास्वपाले नवीनतम सिद्धान्तको विकास गर्नुपर्ने चुनौती छ । राजनीतिक सिद्धान्तमा माटोको गन्ध आउनुपर्छ, समाजको समकालीन मनोविज्ञान बोल्नुपर्छ अनि अर्थ-राजनीतिको अन्तर्य समावेश भएको हुनुपर्छ । त्यसका लागि रास्वपाले बहुसंख्यक नागरिकको ध्यान तान्न सक्ने राजनीतिक सिद्धान्तको बहसमा आफूलाई केन्द्रित गर्नु आवश्यक छ ।

पुराना दलले लोकतन्त्रका लागि लडे पनि आफू लोकतान्त्रिक बन्न सकेनन् । २०३० को दशकमा 'प्रधानपञ्च शैली'मा करिब ३५/४० वर्षपछि पनि शासन सत्ता र पार्टी सञ्चालन गर्न खोज्नु उनीहरूको मूर्खतापूर्ण भूल थियो । तर अबका पुराना दललाई गाली गर्ने एजेण्डा छोडेर समाजसँग जोडिने एजेण्डा विकास गर्न आवश्यक छ ।

त्यसका लागि वर्तमान अपरिपक्व लोकतन्त्रलाई उन्नत र परिपक्व बनाउँदै लैजान सक्ने सिद्धान्तको विकास गर्न आवश्यक छ भने समाजमा आफ्नो उपस्थिति मजबूत बनाउन प्राज्ञिक, प्राविधिक र बौद्धिक रूपमा कमजोर ठूलो जनसांख्यिक तथा सामाजिक संरचनालाई मानव पूँजीमा रूपान्तरण गर्न सक्ने कार्यक्रमको निर्माण गर्न आवश्यक छ ।

***नवीनतम राजनीतिक एजेण्डा तथा कार्यक्रम***

आफ्नो उदयलाई चिरस्थायी बनाउन तथा आफूले अंगीकार गरेको सिद्धान्तको संस्थागत विकासका लागि रास्वपाले समाजकेन्द्रित एजेण्डा तथा संरचनात्मक प्रणाली केन्द्रित एजेण्डालाई मूलभूत रूपमा अगाडि सार्दा उपयुक्त हुने देखिन्छ । तसर्थ अब रास्वपाले अवलम्बन गर्ने एजेण्डा तथा कार्यक्रमहरू कस्ता हुनसक्छन् त ?

समाजकेन्द्रित एजेण्डा: सकारात्मकताको अभियान नवीनपुराना राजनीतिक दलले राजनीतिक उदयका लागि हिंसा र विरोधलाई प्रमुख साधनका रूपमा प्रयोग गरे । निरंकुशताको विरोध, सामन्तवादको विरोध, भ्रष्टाचारीको विरोध, कर्मचारीको विरोध, शिक्षकको विरोध आदित्यादि भन्दाभन्दै जनताको मनमस्तिष्कमा विरोधको मानसिकता मात्र भरियो । परिणामस्वरुप समाजले जता पनि नराम्रो मात्र देख्न थाल्यो । आफू बाहेक सबैलाई नराम्रो भन्न सिकाउने राजनीतिक नेतृत्व जब आफैं भ्रष्टाचार र गलत आचरणमा फसेको कुराको महसुस गर्न थालियो तब समाजले जिम्मेवार निकायमा बसेका सबैलाई नराम्रो मात्र देख्न थाल्यो ।

तर अब समाजमा विद्यमान 'नकारात्मक मानसिकता' लाई सकारात्मकतातर्फ उन्मुख गराउन रास्वपाले सकारात्मकताको अभियान चलाउन आवश्यक छ । अब भ्रष्टाचारीको विरोधलाई राजनीतिक मुद्दा बनाउन छोडी समाजमा सदाचारीको संख्या बढाउने एजेण्डालाई प्राथमिकता दिनु आवश्यक छ ।

नेपाली राजनीतिमा ९० प्रतिशत नेता खराब होलान्, ९० प्रतिशत कर्मचारी खराब होलान्, ९० प्रतिशत शिक्षक खराब होलान्, अनि त्यति नै संख्यामा प्राध्यापक, सैनिक, प्रहरी वा अरू कोही खराब होलान् ।

तर तिनीहरूको विरोध र भण्डाफोरलाई मात्र राजनीतिक एजेण्डा नबनाई १० प्रतिशत राम्रा राजनीतिक नेतृत्व, कर्मचारी, शिक्षक वा अरू जो-कोहीको सकारात्मक कर्म र तिनीहरूको कामले समाजमा पारेको सकारात्मक प्रभावको दायरा फराकिलो बनाउने काममा रास्वपाले समय खर्चनुपर्छ । नेपालमा शिक्षाका नाममा लाखौं असुल्ने शैक्षिक माफिया मात्र त छैनन् । मासिक रु.१०० मा उत्कृष्ट उच्च शिक्षा दिने समता स्कुल र तिनका सञ्चालक उत्तम सञ्जेल पनि छन् । त्यसैले अब शैक्षिक माफियाको विरोध गर्न छोडेर उत्तम सञ्जेलहरूको कर्मलाई गाउँ-गाउँसम्म कसरी विस्तार गर्ने भन्नेतर्फ सोच्नुपर्छ ।

सकारात्मक कर्महरूको दायरा बढ्दै गएपछि, समाजमा उनीहरूको प्रभाव विस्तार हुँदै गएपछि माफियाहरू विना विरोध आफैं पतन हुन्छन् । सकारात्मकताको आन्दोलन नेपालका प्रत्येक क्षेत्रमा आवश्यक छ, जसको नेतृत्व रास्वपाले गर्न सक्छ ।

***संगठित र सिर्जनात्मक अभियान/विद्रोहको थालनी***

शिक्षा, स्वास्थ्य र कृषि जस्ता क्षेत्र जनताका साझा सरोकारका विषय हुन् । यी क्षेत्रको समुन्नतिले देशको तीव्र विकासका आधार शिला तयार पार्छ । विश्वव्यापी रूपमै चलेको भनाइ के छ भने यदि कुनै देशलाई गुलाम बनाउनु छ भने त्यो देशको शिक्षा र स्वास्थ्य क्षेत्रलाई कमजोर तुल्याउनुपर्छ ।

स्वास्थ्य, पोषणयुक्त र दक्ष मानव संसाधन तयार गर्ने यी क्षेत्रमा राज्यको उपस्थिति कम हुँदा देशको अवस्था कस्तो हुन्छ भन्ने कुरा जान्न अब अन्यत्र जानुपर्ने अवस्था छैन । हामी आफैं यो समस्या भोग्दैछौं । मूलत: शैक्षिक क्षेत्रको विकृति अन्त्य गर्न प्राज्ञिक विद्रोह वा शैक्षिक विद्रोहको आवश्यकता छ । एउटा त्यस्तो सिर्जनात्मक विद्रोह जसले शैक्षिक क्षेत्रको रूपान्तरणमा कोसेढुंगाको काम गर्न सकोस् ।

शैक्षिक क्षेत्रमा मात्र होइन, बेथितिले भरिएको स्वास्थ्य क्षेत्र, बिचौलियाको नियन्त्रणमा रहेको भूमि क्षेत्र, सीमित ठेकेदारको नियन्त्रणमा रहेको ठेक्कापट्टाको क्षेत्र जस्ता जनताका प्रत्यक्ष सरोकार भएका क्षेत्रमा सिर्जनात्मक विद्रोहको आवश्यकता छ । यस्तो विद्रोहको नेतृत्व रास्वपाले गर्न सक्छन् जसले उनीहरूलाई समाजमा स्थापित हुन सहयोग पुग्नेछ ।

***क्षेत्रीय मुद्दा, वैकल्पिक शक्ति र पुनर्जागरणको अभियान***

जातीय पहिचानको विषयलाई विगतमा राजनीतिक दलले आफू शक्तिशाली हुन र 'भोट बैंक' जोगाइराख्न उपभोग गरे । हुनत पहिचानको आन्दोलनले राज्य संयन्त्रमा क्षेत्रीय, जातीय, लैङ्गिक पहुँचमा सुधार भएको देखिए पनि सम्बन्धित समुदायभित्रको विभेदलाई ती आन्दोलनले चिर्न सकेको देखिँदैन ।

सामाजिक विभेदलाई चिर्न, लक्षित समुदायलाई आर्थिक तथा सामाजिक दुष्चक्रबाट माथि निकाल्न समावेशिता साधन हो भने सम्बन्धित समुदायभित्रको सामाजिक र मानव पूँजी साध्य ।

तसर्थ रास्वपाले जातीय समुदायभित्रको सामाजिक पूँजीलाई उजागर गरी उनीहरूको आर्थिक, सामाजिक तथा वैयक्तिक क्षमता बढाउने कुरामा रणनीतिक कार्यक्रम बनाई अभियान सञ्चालन गर्न आवश्यक छ ।सामाजिक र मानव पूँजीको उत्थानबाट सामाजिक विभेद कम हुनगई समाजमा समताको विकासमा जोड पुग्नेछ जसले रास्वपालाई मजबूत सामाजिक आधारस्तम्भ तयार गर्न सहयोग पुग्नेछ ।

***प्रणालीकेन्द्रित एजेण्डा: नवीनतम राजनीतिक प्रणालीको संस्थागत अभ्यास***

अन्तर्राष्ट्रिय अभ्यासले पनि के देखाउँछ भने, संगठन र नेतृत्वमा हुने समयानुकूल परिवर्तनले पार्टीलाई चलायमान बनाउँछ । पार्टीमा नयाँ विचारको प्रयोग हुन पाउँछ । नयाँ सोच र नवीनतम कार्यप्रणालीको विकास हुनपुग्छ । सबैभन्दा ठूलो लोकतान्त्रिक देशको रूपमा परिचित भारतकै कुरा गर्ने हो भने पनि त्यहाँ पार्टीको सभापति प्रधानमन्त्री हुने प्रचलन खासै देखिंदैन ।

शासन गर्न जो सक्षम छ उसलाई प्रधानमन्त्रीमा अगाडि सार्ने संस्कार छ । यस्ता नवीनतम संस्कारहरूलाई संस्थागत गर्ने कामले वैकल्पिक शक्तिलाई अझ मजबूत पार्दै लैजानेछ । नेपालमै पनि विवेकशील दलका प्रणेता उज्ज्वल थापाले आफू 'लो प्रोफाइल' मा बसेर अरूलाई नेताका रूपमा अघि सार्ने प्रचलन ल्याएका थिए । जनताले चाहेको त्यस्तै संस्कारयुक्त विधिमा चल्ने राजनीतिक पार्टी हो ।

रास्वपाको संगठनात्मक संरचनालाई समाजका सबै तहका नागरिकले 'आफ्नो घर' सम्झिन सक्नुपर्छ । एउटा त्यस्तो घर जहाँ प्रवेश नगरी मेरो लक्ष्य पूरा हुँदैन भन्ने एउटा युवाले ठान्न सकोस् । त्यस्तो घर जहाँ प्रवेश नगरी मेरो व्यावसायिक जीवनले उचाइ प्राप्त गर्न सक्दैन भनेर एउटा उद्यमीले ठान्न सकोस् ।

त्यस्तो घर जहाँ प्रवेश नगरी बालबालिकाले सिक्नुपर्ने कुरा सिक्न पाउँदैनन् भन्ने कुरा प्रत्येक परिवारले ठान्न सकुन् । त्यस्तो घर जहाँ प्रवेश नगरी वृद्धावस्थामा चाहेअनुरूपको सामाजिक सुरक्षा प्राप्त गर्न सकिँदैन भन्ने ज्येष्ठ नागरिकले ठानुन् ।

त्यस्तो घर जहाँ प्रवेश नगरी मेरो शैक्षिक जीवन अधुरो बन्छ भन्ने एउटा विद्यार्थीले ठानोस् । अथवा वैकल्पिक घर सबैको साझा अपनत्व सहितको घर बन्न सक्नुपर्छ । त्यसका लागि कस्तो संरचना आवश्यक पर्छ त्यो सम्बन्धित पार्टीले जान्ने कुरा हो । समग्रमा अबको पार्टी 'विकासको बहस गर्ने प्रयोगशाला' का रूपमा संगठित हुन आवश्यक छ जसले सीपविहीन मानिसलाई विश्वस्तरीय मानव पूँजीमा रूपान्तरण गर्न सकोस् ।

***राष्ट्रिय स्वतन्त्र पार्टी : स्थानीय सरकारहरूको प्रतिपक्षी दल***

२०६२-६३ को आन्दोलनसँगै संघीय राज्य व्यवस्थाको अभ्यास गरिएको भए पनि पुराना दलमा अझै पनि केन्द्रीकृत मानसिकता छ । संविधानले सहकार्य, समन्वय र सहअस्तित्वका आधारमा चल्ने समान हैसियतका तीन सरकारको परिकल्पना गरेको भए पनि राजनीतिक दलहरू स्थानीय तहलाई सरकार मान्न तयार देखिंदैनन् । जसले गर्दा जनताले सिंहदरबार गाउँमा आएको महसुस गर्न सकेका छैनन् ।

स्थानीय सरकारलाई पूर्णरूपमा सरकारको हैसियतमा संचालन गर्न रास्वपाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । स्थानीय सरकार सञ्चालनमा देखिएको सबैभन्दा ठूलो चुनौती भनेको प्रमुख प्रतिपक्षी दलको अभाव हो । पाँच वर्षका लागि प्रत्यक्ष निर्वाचित मेयर/अध्यक्षको नेतृत्वमा सञ्चालन हुने स्थानीय सरकारका लागि त्यस्तो प्रतिपक्षी दलको आवश्यकता परेको छ, जसले सिर्जनात्मक बहसमा सहयोग गरोस् ।

ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने कुरालाई बहसमा ल्याओस् । अनि स्थानीय पहिचानमा आधारित नीति-निर्माण गर्ने सरकारलाई रचनात्मक सहयोग गरोस् । वैकल्पिक शक्तिका रूपमा रास्वपाले स्थानीय सरकारको प्रमुख प्रतिपक्षी दलको भूमिका खेल्न सक्छ जसले उनीहरूलाई समाजमा स्थापित हुन रणनीतिक रूपमा सहयोग पुऱ्याउनेछ भने सामाजिक विकासमा नयाँ आयामको सुरुवात पनि हुनेछ ।

***निष्कर्ष :***

समाजमा चेतना विकासको आफ्नै चक्र हुन्छ । पहिलो चरणमा आफूलाई मन पर्ने सिद्धान्त बाहेकका अन्य सिद्धान्तलाई समाजले पूर्ण रूपमा तिरस्कार गर्छ । नेपाली समाजमा प्रजातन्त्रको बहालीपश्चात् त्यस्तो चेतनाको विकास भएको थियो । दुई फरक दलका परिवारबीच बोलचालसम्म पनि हुँदैनथ्यो । समाज आफू भन्दा फरक विचारलाई स्वीकार्ने अवस्थामा थिएन । त्यो चरणलाई 'रिजेक्शन' को चरण मान्न सकिन्छ ।चेतनाको विकासक्रमसँगै मानिस सबै दल उस्तै देख्न थाले भने कतै कतै पुराना दलहरूका विकल्प खोज्ने चेतनाको पनि विकास भएको देखिन्छ । यो चरणलाई 'रियलाइजेशन' को चरण मान्न सकिन्छ । हर्क र बालेन जित त्यसैको परिणाम हो ।

समाजले केही हदसम्म पुराना दलहरू ठीक बाटोमा छैनन् भन्ने कुरा महसुस गर्न थालेका छन् । अद्यापि भोट दिने सन्दर्भमा अझै पनि अलमलमै छन् । अब समाजमा पुराना दलप्रतिको अलमल तोडेर नयाँ वैकल्पिक शक्तिलाई स्वीकार्ने चरणमा समाजलाई पुऱ्याउने कामको नेतृत्व गर्ने कार्यभार रास्वपालाई छ ।

समाजको राजनीतिक चेतना विकासको यो चरणलाई 'एक्सेप्टेन्स' को चरण मान्न सकिन्छ । समाज यो चरणमा जति चाँडो पुग्छ त्यति छिटो वैकल्पिक शक्तिहरूले शासन प्रक्रियामा पकड जमाउन सक्छन् साथसाथै देशमा उन्नत लोकतन्त्रको बीजारोपण पनि हुनेछ । त्यसका लागि रास्वपाले वैकल्पिक शक्तिका रूपमा समाजलाई सकारात्मक तथा सिर्जनात्मक तर कठोर बाटोतर्फ हिंड्न प्रोत्साहित गर्न सक्नुपर्नेछ ।

*(लेखक सामाजिक, आर्थिक तथा राजनीतिक विषयवस्तुमा कलम चलाउँछन् ।)*

*साभार: अनलाइनखबर*

# देश बनाउने भए अब यसो गरौं

डा. बद्रीप्रकाश ओझा

प्रसिद्ध भारतीय दार्शनिक ओशो र जनीशको एउटा कथाबाट लेख सुरु गर्ने अनुमति चाहन्छु । कथा यस्तो छ:

कुकुरहरुको विश्व सम्मेलन भएछ । उनीहरु दुई भागमा बाँडिए । एउटा वर्गले अमेरिकी पक्षको नेतृत्व लियो र अर्कोले चीनको ।

चीनको पक्षको नेता कुकुरले अमेरिकी पक्षको समकक्षीलाई सोधेछ : के छ हालखबर, कस्तो चल्दैछ जीवन ?

अमेरिकी कुकुरले जवाफ दियो, भुक्न चाहिँ बेस्सरी पाइन्छ यार तर खानेकुरो जुटाउन भने खुब मेहनत गर्नुपर्छ । कसैले कृपा गरे दियो वा कुनै मनकारीका घरमा परे मस्ती भो, नत्र जीवन दु:खी छ ।

पालो आयो अमेरिकी कुकुरको सोध्ने, उसले पनि स्वाभाविक प्रश्न गर्‍यो- तिमीहरुको अवस्था कस्तो छ ?

चिनियाँ कुकुरले पनि दु:ख पोख्यो, खान चाहिँ बेस्सरी पाइन्छ यार तर भुक्यो कि मुखमा फलामको ताला लाग्छ ।

रजनीशको यो तुलनासँगै यी दुई वर्गका कुकुरको पीडासँगै हाम्रो अवस्थाबारे चर्चा गरौं । सबैभन्दा पहिले देशको संयन्त्र विकासमा ध्यान दिऔं । देश व्यक्तिले होइन, सिस्टमले चल्छ भन्ने तथ्यलाई मनन गरौं ।

देशमा आमचुनाव भयो, नतिजा पनि देखियो । मतदाताले परिवर्तन चाहेको प्रस्ट पनि भयो । अब पुराना कुरा गरेर नहोला जस्तो देखियो । सोचमा परिवर्तन चाहियो ।

देशमा जनताले चाहेजस्तै परिवर्तन दिन युवा पुस्तालाई सत्तामा ल्याउनुपर्ने वाध्यता आइलाग्यो । यो सही पनि हो । युवाको जनसंख्या ४५ प्रतिशत भएको हाम्रो देशको सत्तादौडमा काका बा हजुरबाहरुको दबदबा अब मन परेन । बा हजुरबाहरु अब चौतारीमा बसेर देशको भविष्यबारे सोच्नुहोस् ।

भागदौड गर्नसक्ने युवा गगनहरु, विश्वप्रकाशहरु, रामहरिहरु, गोकर्णहरु, प्रदीपहरु, सिकेहरु, रविहरु, सोविताहरु, तोसिमाहरु देश बनाउन तम्सिए । यो सकारात्मक कदम हो । उनीहरुलाई 'स्पेस' दिऔं । बा, काकाहरु अब विश्राम लिनुहोस् । पार्टी चलाउनुहोस् । युवालाई सरकार चलाउन दिनुहोस् । कतै युवाहरु भट्किए भने उनीहरुले लिक छोडे भने खबरदारी गर्नुहोस् । उमेरले तपाईंहरुलाई विश्राम लिन आदेश दिइसकेको छ । कुर्सीमै देहत्याग गर्ने अमेरिकी प्रधानन्यायाधीशरुको हविगतमा नजानुहोस् ।

जीवनको उत्तरार्द्धमा यदि तपाईंहरुलाई धर्मकर्म गर्नु छ भने मन्दिर जानुपर्दैन । युवालाई सत्ता हस्तान्तरण गरे तपाईंहरुका लागि वैकुण्ठको ढोका खुल्छ । इतिहासले तपाईंहरुलाई सदैव सम्झिनेछ । तपाईंहरुको अनुभव देशलाई खाँचो छ तर कुर्सीमा बसेर होइन । सिंगापुर गफले बनेको होइन ।

सबैभन्दा पहिले सबैभन्दा ठूलो दलको नेताका हैसियतमा प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारमा नजाने निर्णय गर्नुहोला । त्यसमा खरो विपक्षीको हैसियतमा केपी ओली बाले समर्थन जनाउनुहोला । सरकार बनाउन गगन माननीयले चाहना देखाएका छन् । विश्व प्रकाशले त्यसलाई समर्थन गरेका छन् । गोकर्णहरु, योगेशहरु, रामहरिहरु पछि पछि छन् । अझ रविहरु पनि छन् ।

त्यसैले, अब देश विकासका लागि काँग्रेस र एमालेको गठबन्धन बनाइयोस् । त्यसमा घन्टी पार्टीका युवाहरुको समर्थन लिइयोस् । दुई तिहाइ पुग्छ । अरु पार्टीहरुलाई पनि समेटौं । विपक्षी दलको भूमिकामा नागरिक समाज र प्रेसलाई भूमिका निर्वाह गर्न दिऔं ।

त्यसपछि राज्य पुनरसंरचनाको मोडेलमा परिवर्तन गरौं । प्रदेश खारेज गर्ने विषय संविधानमा राखौं । संघीय सरकार र स्थानीय सरकार मात्र राखौं । अरु पनि अमिल्दा कुरा भए देखिए संशोधन गरौं । अझ कुरो मिले दूरगामी प्रभाव पार्ने विषयमा जनमत संग्रहबाट निर्णय लिइनेछ भन्ने बुँदा पनि संविधानमा थपौं ।

दोस्रो कदम स्वरुप कर्मचारीतन्त्रमा व्यापक फेरबदल गर्ने कानूनी व्यवस्था गरौं । निजामती कानुन संशोधन गरौं र नियमावली पनि बनाऔं । आजकै दिन जो कर्मचारी जुन स्थानमा छ, यसलाई सोही स्थानबाट निवृत्तिभरण दिऔं । आजका दिनदेखि देशमा स्थायी कर्मचारी हुने व्यवस्था बन्द गरौं ।

अमेरिका जस्तो देशमा कर्मचारी त के सेना पनि करारमा राखिन्छ । त्यसरी करारमा रहेको सेनाले पनि विश्व हल्लाएकै छ भने हामीकहाँ स्थायी कर्मचारी नहुँदा देश डुबिहाल्दैन ।

यसका लागि निकै ठूलो धनराशी आवश्यक पर्दछ । सबैभन्दा पहिले नेपाली जनतासँग पैसा मागौं । गच्छेअनुसार सरकार लाई सहयोग गर्न अपिल गरौं । दुई चार खर्ब उठाऔं । अपुग रकम एक पटकका लागि सबै दातासँग मागौं । अहिलेसम्म त लाचार भएर मागियो भने अरु एक पटक हात फैलाऔं । आठ दश खर्ब जम्मा गरौं र कर्मचारीलाई विदा गरौं । एक दिनका लागि कर्मचारी विहीन देश बनाऔं । त्यसको भोलिपल्ट करारमा कर्मचारीको माग गरौं । जुन कामका लागि जस्तो कर्मचारी आवश्यक पर्ने हो, त्यसको व्यवस्था कानुनमै उल्लेख गरौं ।

कर्मचारीको तीन तह विकास गरौं । प्रारम्भिक चरणमा सहायक स्तरका प्रवेशीलाई कम्तिमा पनि एक लाख रुपैयाँ तलब दिऔं । मध्यमस्तरलाई दुई लाख र उच्चस्तरका लागि तीन लाखको तलबमान तोकौं । उनीहरुको वार्षिक रुपमा मूल्यांकन गरी दक्षताका आधारमा करार थप गर्ने परिपाटी बनाऔं । उनीहरुकै तलबबाट कट्टा गरी पेन्सन फन्ड बनाऔं ।

स्थानीय तहलाई हालको जस्तो सिकारु कर्मचारीहरुको भीड हुनबाट जोगाऔं । उक्त तहमा पनि विज्ञ कर्मचारी अट्न सक्ने व्यवस्था गरौं । कर्मचारी तन्त्रमा हालको जस्तो प्रशासन सेवाको हावी हुने अवस्थामा परिवर्तन गरौं । यसै पनि स्थानीय निकायमा निर्वाचित हुने प्रमुख पदाधिकारीको पदीय हैसियत सहसचिवभन्दा अथवा भनौं सिडियोभन्दा माथिल्लो रहने व्यवस्था छ ।

त्यसैले स्थानीय सरकारको प्रमुख कार्यकारी अधिकृतमा सहसचिव तहको कर्मचारी नियुक्त गरौं । उसको मातहतमा उसै समानका प्राविधिक कर्मचारी, डाक्टर, इन्जिनियर, कृषि तथा वन प्राविधिक, शिक्षाका विज्ञहरु अट्न सक्ने व्यवस्था गरौं । यसो गर्दा स्थानीय सरकार बलियो बन्नेछ । फिल्डमा काम हुन्छ । संघीय सरकारमा केही विज्ञ कर्मचारीको सानो संयन्त्र मात्र राखौं । उनीहरुलाई कानून, बजेट तर्जुमा, सुरक्षा, कूटनीति आदि क्षेत्रको मात्र जिम्मेवारी दिऔं ।

बाँकी पृष्ठ-३ मा....

# बागमती प्रदेशसभामा कांग्रेस...

हालको सत्ता गठबन्धनले नै सरकार बनाउन सक्ने बहुमत ल्याउने देखिएको छ । यस निर्वाचनबाट कुनै दललाई पनि सरकार बनाउन पुग्ने बहुमत प्राप्त भएन । जसकारण गठबन्धन गर्नुको विकल्प छैन् । बागमती प्रदेशको नतिजालाई हेर्दा नेकपा माओवादी केन्द्र सरकार बनाउने विषयमा निर्णाय देखिएको छ । माओवादीले जता समर्थन गऱ्यो उतै सरकार बन्ने देखिएको हो । प्रदेशको मत परिणाम र सिट संख्या टुंगो लागेसँगै एमाले, कांग्रेस तथा माओवादी केन्द्रले सरकारको नेतृत्व गर्ने गरी दाबेदारी दिन सुरु गरिसकेका छन् ।

हालकै सत्ता गठबन्धनले सरकार बनाउन सकेमा तीन जनाको नाम अगाडि आएको छ । नेपाली कांग्रेसबाट पार्टी प्रदेश सभापतिसमेत रहेका मकवानपुरका इन्द्रबहादुर बानियाँ, नेकपा माओवादी केन्द्रबाट बहालवाला आर्थिक मामिला तथा योजना मन्त्री धादिङका शालिकराम जम्मकट्टेल र एकीकृत समाजवादीबाट बहालवाला आन्तरिक मामिला तथा कानुन मन्त्री चितवनका कृष्ण प्रसाद शर्मा खनाल दाबेदार हुन् । यी तीनमध्ये को मुख्यमन्त्री हुने भन्ने विषय गठबन्धनको भागबण्डासँग जोडिएको छ । एमालेबाट चितवनका जगन्नाथ थपलिया (जेएन)पनि मुख्यमन्त्रीका दाबेदार हुन् ।

**प्रदेशसभामा देखिने यी अनुहार**

बागमती प्रदेशसभामा पुरानादेखि नयाँ अनुहारका सांसद देखिने छन् । प्रत्यक्षतर्फ कांग्रेसबाट इन्द्रबहादुर बानियाँ, रामकुमार पाहाडी, क्षेत्रबहादुर बम्जम, प्रभात तामाङ, मधुकुमार श्रेष्ठ, गोविन्द लम्साल, बहादुर सिं लामा, रमेशकुमार महत, दिपेन्द्र श्रेष्ठ, सुरजचन्द्र लामिछाने, छिरिङदोर्जे लामा, विमल ठकुरी, श्रीराम लामिछाने, श्यामबहादुर खड्का, हरिप्रभा खड्गी, पुकार महर्जन, सुरेश श्रेष्ठ, मिनकृष्ण महर्जन, रामकृष्ण चित्रकार, तिर्थबहादुर लामा, कञ्चनचन्द्र बादे, मसिना खड्का, कृष्णकुमार तामाङ र उत्तम जोशी रहेका छन् ।

माओवादी केन्द्रबाट तारा नारायण श्रेष्ठ, युवराज चौलागाई, मातृका प्रसाद भट्टराई, गंगानारायण श्रेष्ठ, इन्द्रप्रसाद गोतामे, कुमारी मोक्तान, प्रेमबहादुर पुलामी, शालिकराम जम्मकट्टेल, रामप्रसाद ढुंगाना, राधिका तामाङ, रत्नप्रसाद ढकाल, सरल सहयात्री पौडेल, युवराज दुलाल र ठाकुरप्रसाद ढकाल रहेका छन् । नेकपा एमालेबाट एकालाल श्रेष्ठ, जयराम थापा, अमनकुमार मास्के, प्रकाश श्रेष्ठ, केशवप्रसाद पोखरेल, किरण थापामगर, मधुसुदन पौडेल, रामेश्वर श्रेष्ठ, रघुनाथ महर्जन, प्रेमभक्त महर्जन, जगनाथ थपलिया र कृष्णप्रसाद सिलवाल रहेका हुन् ।

राप्रपाबाट डम्मर तामाङ, सुनिल केसी, राजु विष्ट, राजेन्द्र प्रजाति, उद्धव थापा, नुरज बज्रचार्य र गिरबहादुर तामाङ रहेका छन् । नेकपा एकीकृत समाजवादीबाट बसन्त मानन्धर, रमा आलेमगर, राजेन्द्रमान श्रेष्ठ, लक्ष्मण लम्साल, कृष्णप्रसाद शर्मा खनाल छन् । हाम्रो नेपाली पार्टीका शैलेशमा बज्रचार्ज र नेपाल मजदुर किसान पार्टीका सुरेन्द्रराज गोसाई पनि प्रदेशसभामा देखिने छन् ।

# खतिवडालाई ३० हजार मत दिएको भन्दै धन्यवाद




साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ मकवानपुरमा कमजोर संगठन रहेको नेकपा (एकीकृत समाजवादी)ले उम्मेदवार विरोध खतिवडालाई ३० हजार बढी मत दिएको भन्दै धन्यवाद दिने निर्णय भएको छ ।

गठबन्धन साझेदार दल नेकपा (एकीकृत समाजवादी) मकवानपुरले गठबन्धनका दलहरु र मकवानपुरका मतदातामा आभार प्रकट गरेको हो ।

आइतबार हेटौंडामा बसेको जिल्ला कमिटी बैठकले प्रतिनिधिसभा क्षेत्र नम्बर २ का उम्मेदवार खतिवडालाई उम्मेदवार बनाउने गठबन्धन र मतदान गर्ने मतदातालाई धन्यवाद् ज्ञापन गरेको हो ।

अध्यक्ष सूर्यचन्द्र न्यौपानेको अध्यक्षतामा बसेको बैठकमा पार्टीका शीर्ष नेताहरुले कमजोर संगठन, अरुको गठजोड, आर्थिक अभाव तथा नयाँ शक्तिहरुको बलियो उपस्थितिमा पनि इमानदार भएर मतदान गर्ने ३० हजार भन्दा बढी मतदातालाई धन्यवाद् ज्ञापन गर्ने निर्णय गरेको हो ।

निर्वाचन क्षेत्र नम्बर २ को वडाहरुमा समेत मतदाता कहाँ पुगेर धन्यवाद ज्ञापन गर्ने समाजवादीको तयारी रहेको पार्टी प्रचारप्रसार विभाग प्रमुख रामकुमार एलनले जानकारी दिए । कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का बागमती प्रदेश इञ्चार्ज एवम् उपाध्यक्ष केदार न्यौपानेले निर्वाचन परिणाममा झिनो मतले हारजित भए पनि संगठन बलियो पारेर अघि बढ्न सके मकवानपुरमा समाजवादी पार्टी बलियो हुने बताए ।

यस्तै, स्थायी कमिटी सदस्य ललित बस्नेतले कम जनशक्ति भएको पार्टीले गठबन्धनको जोडमा चुनावमा होमिँदा यस्ता अप्ठ्यारा परिस्थिति आइलाग्ने भएकाले शिक्षाका रुपमा लिएर अघि बढ्नु पर्ने बताएका छन् ।

निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार एवम् स्थायी कमिटी सदस्य विरोध खतिवडाले प्राविधिक रुपमा निर्वाचनमा पराजय हुनुमा अरुको गठजोडको आन्तरिक समस्या भए पनि नेता कार्यकर्तालाई निरास नभई पार्टी काममा लाग्न र सक्रिय रहन आग्रह गर्दै आफू पनि मकवानपुरे जनतासँग निरन्तर सम्पर्कमा रहेर पार्टी काममा लागिरहने बताए ।

एकीकृत समाजवादीले आगामी पुस ९ गते विस्तारित बैठक र भेला बोलाउने भएको छ । भेलाले पार्टीको मकवानपुर नेतृत्व हेरफेर समेत गर्ने तयारी गरेको सचिवालय सदस्य एवम् प्रचार विभाग प्रमुख एलनले जानकारी दिए ।

# 'महापुरुष'ले साट्यो सफलताको खुसी, कमाई १० करोड ग्रस



काठमाडौं/भाइटीकाको भोलीपल्ट अर्थात् कात्तिक ११ गतेबाट प्रदर्शनमा आएको प्रदीप भट्टराई निर्देशित फिल्म 'महापुरुष'को टिमले केक काटेर सफलताको खुसी साटेको छ । आइतवार राजधानीमा एक कार्यक्रमका बीच निर्माण टिमले केक काट्दै कलेक्सन रिपोर्ट पनि सार्वजनिक गऱ्यो । निर्माता म्याक्स दिपेश खत्रीले फिल्मले ३० दिनमा १० करोड १४ लाख ग्रस व्यापार गरेको जानकारी दिए ।

यही शुक्रवारबाट पाँचौं हप्तामा प्रदर्शनरत फिल्मले ५१औं दिने यात्रा पार गर्नेमा निर्देशक भट्टराईले विश्वास व्यक्त गरे । उनले भने, 'व्यापार यस्तो हुनुपर्छ, यति मान्छेले हेर्नुपर्छ, यसको चाहिँ रेकर्ड तोड्नु पर्छ भनेर हामीले फिल्म बनाएका थिएनौं । बाआमाले धेरै गर्नुभयो, उहाँहरुका लागि केही गरौं भनेर मनबाट फिल्म बनाएका थियौं र दर्शकहरुले पनि मन पराइदिनुभयो । हामी खुसी छौं ।'

उनले अहिलेसम्म आफूले कुनै फिल्मको रेकर्ड तोड्नका लागि फिल्म नबनाएको दावी गरे । 'रेकर्ड तोड्नेकै लागि फिल्म बनाउन चाहेको भए 'जात्रा'कै तेस्रो सिक्वेल बनाइन्थ्यो होला नि । तर, म मेरो काममा ग्रोथ हुनुपर्छ र देखिनुपर्छ भन्ने सोचबाट निर्देशित हुन्छु । अगाडिको कामभन्दा राम्रो गर्नुपर्छ भन्ने दबाब मलाई सधैं नै रहन्छ र 'महापुरुष' गर्दा पनि त्यो थियो,' निर्देशक भट्टराईले भने ।

समीक्षकहरुले फिल्मको क्लाइमेक्सलाई नाटकीयको संज्ञा दिएका थिए । तर, निर्देशक भट्टराईलाई यो कुरा उठ्छ भन्ने पहिला नै थाहा रहेछ । 'क्लाइमेक्सलाई लिएर प्रश्न उठ्छ भन्ने हामीलाई थाहा थियो,' उनले अगाडि भने, 'हामीसँग क्लाइमेक्सको धेरै 'अप्सन' थियो । तर, दर्शक भारी मन लिएर नफर्किनुहोस् भनेर क्लाइमेक्स परिवर्तन गरेनौं । हामीले जे गरेका थियौं, त्यसमा पछुतो छैन ।'

प्रदीपले अब कुन नाममा र कस्तो विषयमा फिल्म बनाउने भन्ने निर्णय नभइसकेको जानकारी दिए । तर, 'महाजात्रा' नाममा फिल्म बन्ने सम्भावना भने रहेको उनको भनाई छ । अब आफूलाई रमाइलोसँगै संवेदनशील विषय पनि मिलाएर प्रस्तुत गर्नुपर्ने चुनौती थपिएकाले त्यो चुनौती जित्ने ठाउँमा पुगेपछि मात्र 'महाजात्रा' बन्न सक्ने बताए । उनले 'महापुरुष २' बन्न सक्नेतर्फ पनि संकेत गरे ।

निर्माता तथा कलाकार रविन्द्र सिंह बानियाँले फिल्मले पाएको दर्शकको साथ र प्रतिक्रियाले आफ्नो टिमलाई थप चुनौती थपिएको बताए । त्यस्तै, निर्माता खत्रीले 'महापुरुष'लाई चिनियाँ भाषामा सबटाइटल गरेर फेस्टिभलमा देखाउने र हिन्दी भाषामा डब गरेर डिजिटल प्लेटफर्ममा रिलिजको योजना बनाएको जानकारी दिए । उनी फिल्मले प्रदर्शनको ५१औं दिन मनाउनेमा विश्वस्त सुनिए ।

एकल पिताको एक्लोपनको कथामा निर्माण भएको फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, अरुण क्षेत्री, अञ्जना बराइली, रविन्द्र सिंह बानियाँ, शिखा तामाङ, कोपिला थापा, शिरु विष्ट, कविता श्रेष्ठ, नरेश पौड्याल, नरेन्द्र कंसाकार लगायतको अभिनय रहेको छ । फिल्मले अमेरिका, अष्ट्रेलिया लगायतका विदेशी भूमिमा पनि आक्रामक कमाई गरिरहेको छ । *(स्रोत: फिल्मीखबर)*

# देश बनाउने भए...

सिंहदरबारमा खेती हुँदैन । उपचार वा शिक्षा, बाटो, पुलपुलेसा बन्दैन । त्यसैले काम गर्ने ठाउँमा चुस्त र विज्ञको व्यवस्था गरौं ।

प्रधानमन्त्री कार्यालय अन्तर्गत रहने गरी विभिन्न क्षेत्रका विज्ञहरुको एउटा समूह भर्ना गरौं । स्वदेश, विदेश, कर्मचारीतन्त्र, गैरसरकारी क्षेत्र, निजी क्षेत्र, विदेश, दातृ निकाय आदिमा काम गरेका अनुभवी विज्ञहरु यसमा राखौं । उनीहरुलाई आफ्नो विज्ञताका आधारमा कानुन, पूर्वाधार विकास, विज्ञान तथा प्रविधि, वन तथा वातावरण, शिक्षा, कृषि, कुटनीति आदि विषयमा सरकारलाई सुझाव दिने काम दिऔं ।

देशको बजेटमा कृषि, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा क्रमश: २० प्रतिशतका दरले बजेट विनियोजन गरौं । यसो गर्दा रोजगारी ठूलो मात्रामा सिर्जना हुन्छ । पाँच वर्ष मात्र यसो गरिए देशको मुहार फेरिनेछ ।

यी कामहरुलाई सहज पार्न खरिद ऐन संशोधन गरौं । सोही अनुरुपको नियमावली बनाऔं । जुन कामका लागि विज्ञको सिफारिसमा जति रकम विनियोजन गरिन्छ, त्यसको एक प्रतिशतभन्दा कम हुने गरी ठेक्का स्वीकृत गर्न नपाइने व्यवस्था गरौं । विज्ञले तोके अनुसारको, समय सिमाभित्र तोकिए अनुसारको मापदण्डमा काम सम्पन्न गर्ने व्यवस्था गरौं । जुन परामर्शदाता वा ठेक्केदारले तोकिएको समयमा काम सम्पन्न गर्दैन, उसले नै सम्पूर्ण प्रक्रियाका लागि लाग्ने खर्च व्यहोर्नुपर्ने व्यवस्था गरौं ।

नेपाली सेनालाई सिमा सुरक्षामा खटाऔं र सशस्त्र प्रहरीलाई विकास कार्यका लागि सुरक्षाको जिम्मा दिऔं । विकास कार्यमा अवरोध गर्ने र सडक जाम गर्ने जो कोहीलाई कडा कारबाही गर्ने अधिकार सशस्त्र प्रहरीलाई दिऔं ।

सम्बन्धित निकाय, व्यक्ति, सेवा प्रदायक, हस्पिटालिटी सेवा, खाद्य सुरक्षा, उत्पादन, गुणस्तर, स्वास्थ्य, शिक्षा, पारदर्शिता, विधिको शासनको उल्लंघन, समतावादी समाज निर्माणमा देखिने असमञ्जस्यता, सबै किसिमका विभेद आदि क्षेत्रमा हुने अनियमिततालाई गम्भीर कानुनी उल्लंघनका रुपमा परिभाषित गरौं ।

यसो गर्दा कतै देशमा लोकतन्त्रको मानमर्दन हुने देखिए पनि कमसेकम १० वर्षका लागि सहौं । त्यसपछि हामी विकासको एउटा अवस्थामा पुग्छौं, अनिमात्र हामीले सोचेको लोकतन्त्र, गणतन्त्र आदिको फल चाख्न सकिन्छ ।

नत्र हामी अन्तरराष्ट्रिय कुकुर सम्मेलनका पात्रबाहेक केही बन्दैनौं । बोल्न बेसरी पाइएला, सत्तोसराप गर्ने बानी अझ बढ्ला तर खानका लागि अर्काका गल्ली गल्लीमा हाम्रा छोराछोरी भड्किन वाध्य हुनेछन् । उनीहरुले मरेर कमाएको पैसाबाट जिततिन जीविका चलाएर बसेका बाआमा अझै कति दु:खी हुनुपर्ला ।

पति वा पत्नीबाट वियोग खेपेर बसेकाहरुलाई आवश्यक पर्ने जैविक आवश्यकताले उनीहरुलाई पिर्'को हेरेर बस्न वाध्य हुनेछौं । समाजमा बढ्दो असमानताको खाडलछेउ बसेर तर्क वितर्क गर्न वाध्य हुनेछौं । सबैलाई चेतना भया ।

*(साभार: रातोपाटी)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## विश्वकप-२०२२

# स्पेन र जर्मनीले बराबरी खेले



काठमाडौं/कतारमा जारी फिफा विश्वकपअन्तर्गत समूह ई मा रहेका पूर्व च्याम्पियनहरु स्पेन र जर्मनीले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् ।

कतारको अल बायेट रंगशालामा भएको प्रतिस्पर्धात्मक खेलमा स्पेनसँग अंक खोसेको जर्मनी नकआउट चरणमा पुग्न प्रेरित हुनेछ । पहिलो खेलमा जापानसँग अप्रत्यासित पराजय ब्यहोरेपछि चारपल्टको विश्व विजेता जर्मनी दवावमा परेको थियो ।

६२ औं मिनेटमा सब्स्टिच्युड स्ट्राइकर अल्भारो मोराटाले गोल गरेपछि जर्मनीको दवाव अझै बढेको थियो । फेरान टोरेसलाई प्रतिस्थापन गरी मैदान छिरेको ८ मिनेटमै मोराटाले जोर्डी अल्बाको पासमा ट्याप इन गोल गरेका थिए ।

समूहको पहिलो खेलमा कोस्टारिकालाई ७ गोल गरेको स्पेनले जर्मनीसँग भने अग्रता जोगाउन सकेन । ८३औं मिनेटमा स्पेनिस रक्षापंक्तिको कमजोरीको फाइदा उठाउँदै सब्स्टिच्युड निक्लास फुलक्रगले गोल गरे । उनलाई जमाल मुसियालाले असिस्ट गरेका थिए । यो बराबरीपछि जर्मनीले समूहमा अंकको खाता खोलेको छ । स्पेन चार अंकसहित शीर्ष स्थानमा रहँदा जापान र कोस्टारिका समान तीन अंक भए पनि गोलअन्तरका आधारमा क्रमस: दोस्रो र तेस्रो स्थानमा छन् ।

समूहको अन्तिम खेलमा स्पेनले जापान र जर्मनीले कोस्टारिकासँग खेल्नेछ । सो खेलमा कम्तिमा बराबरीले मात्रै पनि स्पेन नकआउट चरणमा पुग्नेछ । जितको अवस्थामा समूह विजेता नै बन्नेछ ।

नकआउट चरणमा पुग्नका लागि जर्मनीले कोस्टारिकालाई हराउनुपर्नेछ भने स्पेनसँग जापानको हारको कामना गर्नुपर्नेछ ।

# जर्मनीलाई हराएको जापान कोस्टारिकासँग स्तब्ध



काठमाडौं/कतारमा भइरहेको फिफा विश्वकपमा पहिलो खेलमै जर्मनीलाई सत्ब्ध बनाएको एसियाली राष्ट्र जापान दोस्रो खेलमा कोस्टारिकासँग १-० ले पराजित भएको छ ।

अहमेद बिन अली स्टेडियममा आइतबार दिउँसो भएको खेलमा कोस्टारिकाले जापानलाई हराएर समूह ईमा पहिलो जित निकालेको छ ।

कोस्टारिकालाई पहिलो जित दिलाउन फुलर स्पेन्सले ८१औं मिनेटमा निर्णायक गोल गरे । पहिलो खेलमा स्पेनसँग ७-० को पराकिलो अन्तरले पराजित भएको कोस्टारिकाले पहिलो जितबाट ३ अंक जोडेको छ र अन्तिम १६ मा पुग्ने सम्भावना कायम राखेको छ ।

दुई खेलपछि जापान र कोस्टारिकाको समान ३ अंक छ । अब समुहको अन्तिसम खेलमा जापानले स्पेनसँग खेल्नेछ भने कोस्टारिकाले जर्मनीसँग खेल्नेछ ।

# बेल्जियम मोरक्कोसँग पराजित



काठमाडौं/विश्वकप फुटबल अन्तर्गत आफ्नो दोस्रो खेलमा मोरोक्कोले बेल्जियममाथि जित निकालेको छ । आइतबार भएको खेलमा मोरक्कोले फिफा वरीयतामा दोस्रो स्थानमा रहेको बेल्जियमलाई २-० गोल अन्तरले हराएको हो ।

मोरक्कोलाई जित दिलाउन अदेल हामिद साबारी र अबुखेलाले एक-एक गोल गरे । खेलको ७३ औं मिनेटमा साबारीले गोल गर्दै मोरक्कोलाई अग्रता दिलाए । खेलको इन्जुरी समयमा अबुखेलाले गोल गर्दै मोरोक्कोको जीत सुनिश्चित गरे ।

जीतसँगै मोरक्को ४ अंकसहित समूहको शीर्ष स्थानमा उक्लिएको छ । ३ अंकसहित बेल्जियम दोस्रो स्थानमा छ । आज नै अर्को खेलमा क्रोएसिया र क्यानडा भिड्दैछन् ।

# क्रोएसियाको सहज जित, क्यानडा बाहिरियो



काठमाडौं/विश्वकप फुटबलको दोस्रो खेलमा क्रोएसियाले क्यानडामाथि सहज जित निकालेको छ । आइतबार राति भएको खेलमा क्रोएसियाले क्यानडामाथि ४-१ गोलको जित निकालेको हो ।

कालिफा अन्तर्राष्ट्रिय स्टेडियममा भएको खेलमा क्यानडाले सुरुवाती अग्रता बनाएको थियो । क्यानडाका लागि खेलको दोस्रो मिनेटमा अल्फोन्सो डाभिसले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

खेलको ३६ औं मिनेटमा आन्द्रेज रामारिकले गोल गर्दै क्रोएसियालाई बराबरीमा ल्याए । खेलको ४४ औं मिनेटमा मार्को लाभाजले गोल गर्दै क्रोएसियालाई २-१ गोलको अग्रता दिलाए । खेलको ७० औं मिनेटमा कर्मारिचले गोल गर्दै क्रोएसियालाई ३-१ गोलको अग्रता दिलाए ।

खेलको इन्जुरी समयमा लोभरो माजेरले गोल गर्दै क्रोएसियालाई ४-१ गोलको जित दिलाए । जितसँगै क्रोएसियाले दुई खेलबाट ४ अंक जोडेको छ । क्रोएसिया समूह एफको शीर्ष स्थानमा छ । पराजित क्यानडा दुई खेलबाट अंक बिहिन हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

# पब्जी विश्वकपको फाइनलमा पुग्यो नेपाली टिम 'ट्रेन टु किल'

काठमाडौं/नेपाली टिम 'ट्रेन टु किल' मलेसियामा जारी पब्जी मोबाइल ग्लोबल च्याम्पियनशिप (पीएमजीसी) को फाइनल प्रवेश गरेको छ । 'ट्रेन टु किल'ले समूह चरणको अन्तिम दिनको खेलमा उत्कृष्ट प्रदर्शन गर्दै फाइनल यात्रा तय गरेको हो ।

अन्तिम गेममा पोइन्टको आधारमा नजिकको प्रतिद्वद्वि 'रिजेक्ट', 'आईएचसी' र 'गिकी ई-स्पोर्ट्स' लाई पाखा लगाउँदै 'ट्रेन टु किल' २०२२ को पीएमजीसीको फाइनलमा पुग्ने पहिलो नेपाली टोली बनेको छ ।

सुरुवात राम्रो भए पनि बीचमा केही खराब प्रदर्शन गरेको 'ट्रेन टु किल' ले अन्तिम दिनमा राम्रो पुनरागमन गर्दै यो उपलब्धी हात पारेको हो ।

'ट्रेन टु किल'ले २४ खेलबाट ९२ एलिमिनेसन र दुई चिकेन डिनरसहित कूल २१४ पोइन्ट बटुलेको छ । त्यस्तै पहिलो स्थानमा रहेको टिम मलेसियाको पब्जी टिम 'गिक फाम' को १४८ एलिमिनेसन पोइन्ट र तीन चिकेन डिनर सहित २९२ पोइन्ट रहेको छ ।

दोस्रो स्थानमा चीनको पब्जी टिम 'फो एङ्ग्री म्यान' रहेको छ । जसले ११४ एलिमिनेसन पोइन्ट र तीन चिकेन डिनर सहित २३१ पोइन्ट बटुलेको छ ।

यो प्रतियोगिताको फाइनल खेल २०२३ को जनवरी ६ देखि ८ सम्म इन्डोनेसियाको जाकार्तामा हुनेछ । यो प्रतियोगिताको कूल पुरस्कार राशि ४० लाख अमेरिकी डलर (५२ करोड रूपैयाँ बढी) रहेको छ ।

जसमध्ये विजेताले ९० हजार अमेरिकी डलर (करिब एक करोड १६ लाख), उपविजेताले ८५ हजार अमेरिकी डलर (करिब एक करोड १० लाख रुपैयाँ) र तेस्रो हुने टिमले ८० हजार अमेरिकी डलर (करिब साढे एक करोड रुपैयाँ) हात पार्नेछन् । ट्रेन टु किलले पछिल्लो चार दिनको खेलबाट पुरस्कार स्वरूप एक करोड रुपैयाँभन्दा बढी प्राप्त गरिसकेको छ ।

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# मकवानपुरमा 'लौरो' चिन्हका उम्मेदवारको धरौटी जफत

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/गत ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा लौरो चुनाव चिन्हबाट उठेका स्वतन्त्र उम्मेदवारहरुले चुनाव जितेपछि त्यसकै फाइदा उठाउन लौरा चिन्ह लिएका प्रतिनिधिसभा र प्रदेशसभा उम्मेदवारको जमानत जफत भएको छ ।

४ मंसिरमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा भाग लिएका मकवानपुरका हाम्रो नेपाली पार्टीका उम्मेदवारहरुको धरौटी (जमानत) जफत भएको हो । लौरो चुनाव चिन्ह भएको हाम्रो नेपाली पार्टीबाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा उम्मेदवार बनेका दिपेन्द्र चन्द ठकुरी, प्रदेशसभातर्फ १ को 'क' का किशोर राना र प्रदेशसभा १ को 'ख'का किशोर अर्यालको जमानत जफत भएको हो । यी तीन जना उम्मेदवारहरुले निर्वाचन अघि प्रचारप्रसारका क्रममा पार्टीको नाम लुकाएर आफू स्वतन्त्र भएको भ्रम मतदातामा फैलाएका थिए ।




जब की लौरो चुनाव चिन्ह हाम्रो नेपाली पार्टीको हो । उक्त पार्टीको सिफारिसमा उम्मेदवार बनेका ठकुरी, राना र अर्यालले स्वतन्त्र उम्मेदवार बनेको बन्दै लौरोमा मत दिन प्रचार गरेका थिए । दलको नाम लुकाएर स्वतन्त्र भन्दै मत मागेको समाचार आएपछि उनीहरुले प्रचारका लागि बनाएको ब्यानरमा हाम्रो नेपाली पार्टीको नाम सानो अक्षरले लेखेर प्रचार गरेका थिए । लौरो चुनाव चिन्ह स्वतन्त्रहरुको प्रतिक रहेको भन्दै उनीहरुले सार्वजनिक स्थलमा प्रष्टीकरण दिने गरेका थिए । तर, लौरो चुनाव चिन्हलाई स्वतन्त्रहरुको प्रतिकका रुपमा मतदाताहरुले विश्वास नगरेपछि उनीहरुको जमानत नै जफत भएको हो ।

स्वतन्त्रको नाममा दलबाट उम्मेदवार बनेर मतदाताको आँखामा छारो हालेका यी तीन जना नै उम्मेदवारको जमानत जफत भएको हो । निर्वाचनमा कूल खसेको सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसकेपछि उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ । मकवानपुर क्षेत्र नम्बर १ मा कूल ९१ हजार ४ सय ८६ मत खसेकोमा जम्मा सदर मत ९१ हजार १ सय ९ रहेको थियो । हाम्रो नेपाली पार्टीका उम्मेदवार ठकुरीले जम्मा ४ सय २२ मत प्राप्त गरे ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ मा भनिएको छ, 'निर्वाचन प्रणाली अन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ । तर निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू हुने छैन ।' समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने उल्लेख छ । यसैगरी, मकवानपुरको क्षेत्र नम्बर २ मा प्रत्यक्ष तर्फका १० जना उम्मेदवारमध्ये ७ जनाको जमानत जफत भएको छ ।

खसेको ८६ हजार ४ सय १० मत मध्ये सदर भएको ८२ हजार २ सय ९४ मतको १० प्रतिशत कटाउने तीन जना उम्मेदवारको मात्र जमानत जफत हुन पाएन् । जमानत सुरक्षित रहनको लागि ८ हजार २ सय २९ मत आवश्यक पर्नेमा नेकपा एमाले, नेकपा एकिकृत समाजवादी तथा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारले मात्र मतभार कटाए । अन्य सातजना उम्मेदवार भने आवश्यक मतभन्दा पछि परे ।

जमानत जफत हुनेमा २ हजार १ सय ९३ मात्रै मत ल्याएका राप्रपाका राजन मैनाली, १ हजार ८ सय ७ मत ल्याएका मालेका उद्धवप्रसाद अधिकारी, मंगोल नेशनल अर्गनाईजेशन जीवन स्याङ्तान (४ सय २३), २ सय ५७ मत ल्याएका सचेत नेपाली पार्टीका कुलेन्द्र दिप विक्रम न्यौपाने, ६८ मत ल्याउने नेशनलिष्ट पिपुल पार्टीका तुलाबहादुर लामाको जमानत जफत भएको हो ।

यसैगरी, ५३ मत ल्याउने नेपाल मजदुर किसान पार्टीका रत्नप्रसाद प्रजापती, स्वतन्त्रका उम्मेदवार प्रतिक कालाखेतीले ३३ मत मात्रै ल्याउँदा जमानत जफत भएको हो । प्रतिनिधिसभामा विजयी भएका नेकपा एमालेका महेश बर्तौलाले ३४ अजार ९ सय ५० मत प्राप्त गरे । उनले कुल सदर मतको ४२ दशमलव ४६ प्रतिशत मत हाँसिल गर्दा उनका निकटतम प्रतिस्पर्धी नेकपा एकीकृत समाजवादीका बिरोध खतिवडाले ३० हजार ४ सय ३२ मत प्राप्त गरे ।

खतिवडाले प्राप्त गरेको मत ३६ दशमलव ९७ प्रतिशत हो । प्रतिनिधिसभामा तेस्रो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार भरत पराजुलीले १२ हजार ५९ मत प्राप्त गरे । यो कुल सदर मतको १४ दशमलव ४६ प्रतिशत हो ।

# हेटौंडा १ नम्बर वडालाई बालमैत्री घोषणा तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/वि.सं. २०८० साल भदौ २९ गतेभित्र हेटौंडा उपमहानगरपालिका वडा नं. १ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारी गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकालाई २०८० मंसिर मसान्तसम्म बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणाको तयारी गरिरहँदा सबै वडा त्यसअघि नै बालमैत्री भइसक्नुपर्ने प्रावधानबमोजिम १ नम्बर वडालाई भदौ २९ गतेभित्र बालमैत्री घोषणा गर्ने तयारी गरिएको हो ।

आइतबार हेटौंडा १ नम्बर वडाको आयोजना तथा हेटौंडा उपमहानगर, प्लान नेपाल र राडो नेपालको समन्वयमा भएको बालमैत्री स्थानीय शासन नीतिगत, प्रकृयागत कार्यान्वयनका लागि अबलम्बन तथा घोषणासम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रमपछि यस्तो प्रतिबद्धता जनाइएको हो ।

वडा अध्यक्ष सविन न्यौपानेको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा सहभागी सबै जनप्रतिनिधि, राजनीतिक दलका



प्रतिनिधि, टोल विकास संस्थाका अध्यक्ष, युवा क्लब, बाल क्लब सञ्जाल, प्रहरी, विद्यालयका प्रधानाध्यापक तथा विव्यस अध्यक्षहरु, महिला स्वयम्सेविका, स्वास्थ्य कार्यालय प्रमुख, विद्यार्थी, व्यवसायीहरुले सामूहिकह रुपमा प्रतिबद्धता जनाएका हुन् ।

उक्त अवधिसम्म बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउन पूरा गर्नुपर्ने सबै ५१ वटा सूचकहरु पूरा गर्न सरोकारवालाहरु सहमत भएका हुन् । कार्यक्रममा सहजीकरण गर्दै बालमैत्री स्थानीय शासन सहजकर्ता विष्णु चौबेले बालमैत्री स्थानीय शासन अबलम्बन गर्दा सिङ्गो पालिकाको कार्यक्षमतामा बढोत्तरी हुने बताए । उनले संविधानको भाग ३ मौलिक हकअन्तर्गत् धारा ३९ र स्थानीय शासन सञ्चालन ऐन, २०७४ परिच्छेद ३ दफा १२ को (ग) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र कार्यविधि २०७९ बमोजिम हेटौंडा उपमहानगर पालिकाको बालबालिका सम्बन्धी विभिन्न नीति, कार्यविधिबमोजिम वडालाई बालमैत्री घोषणा गर्न लागिएको बताए ।

वडा सदस्य मनु दाहालले सञ्चालन गरेको कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाइली, हेटौंडा उपमहानगर पालिकाका प्रमुख महिला विकास अधिकृत विष्णु लामिछानेलगायतले बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह कार्यान्वयको उपादेयताबारे प्रकाश पारेका थिए ।

# मकवानपुरमा राप्रपा नेपालले पायो ५ सय मत

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/कमल थापा नेतृत्वको राप्रपा नेपालले मकवानपुरमा प्रतिनिधिसभाको समानुपातिकतर्फ ५ सय ३६ मत प्राप्त गरेको छ ।

मंसिर ४ गते भएको निर्वाचनमा मकवानपुर घर भएका भएका थापाको पार्टीले गृहजिल्लामा नै ५ सय ३६ मत प्राप्त गरेको हो । राप्रपा नेपालले तिर चिह्नमा क्षेत्र नम्बर-१ मा ४५५ र क्षेत्र नम्बर-२ मा ८१ मत पाएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

नेकपा एमालेको सूर्य चिह्नबाट मकवानपुर-१ बाट प्रतिनिधिसभाको उम्मेदवार बनेका थापा तेस्रो बन्दै पराजित भएका थिए । थापा राप्रपाका आफ्नै पूर्व सहकर्मी दीपक सिंहसँग पराजित भएका हुन् ।

सुर्य चिन्हबाट उम्मेदवार बनेका थापाले मकवानपुरको प्रतिनिधिसभा-१ मा २४ हजार मत पाएका थिए । तर, आफ्नो पार्टीको लागि कहीँ कतै मत नमागेका राप्रपा नेपालका अध्यक्ष थापाको पार्टीले गृहजिल्लामा नै लज्जास्पद मत पायो । थापाले आफ्नो पार्टी र पार्टीको उम्मेदवारलाई जिताउन कुनै भुमिका नखेलेको भन्दै उनको नेतृत्वमाथी पार्टी पदाधिकारीले असन्तुष्टि जनाइरहेका छन् ।




मकवानपुरमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पार्टीले प्रतिनिधिसभातर्फको समानुपातिकमा ३ हजार ८ सय २७ मत मात्र प्राप्त गरेको छ । समानुपातिकतर्फको जिल्लाभरको मतगणनामा नेकपा समाजवादीको कलम चुनाव चिह्नमा दुईवटै प्रतिनिधिसभाको निर्वाचन क्षेत्रमा गरी ३ हजार ८ सय २७ मत प्राप्त गरेको हो ।

नेकपा समाजवादीले मकवानपुर प्रतिनिधिसभा तर्फको क्षेत्र नम्बर-१ का समानुपातिकको मतगणनामा एक हजार सय ४७ मत प्राप्त गर्दा क्षेत्र नम्बर-२ मा भने २ हजार ५ सय ८० मत प्राप्त गरेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरका अनुसार गणना भएको एक लाख ७७ हजार ८ सय ५८ मतमा नेकपा एमाले पहिलो दल बनेको छ ।

एमालेले क्षेत्र नम्बर १ बाट २२ हजार ६ सय ११ र २ बाट २८ हजार एकसय ९६ गरी कुल ५० हजार ८ सय ७ मत प्राप्त गरेको छ । नेपाली कांग्रेस ३६ हजार २ सय ६४ मत सहित दोस्रो दल बनेको छ भने रवि लामिछाने नेतृत्व राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) २९ हजार ८ सय ८९ मत सहित तेस्रो भएको छ ।

त्यस्तै नेकपा माओवादी केन्द्र २६ हजार एकसय ३३ मत सहित चौथो बन्दा राष्ट्रिय प्रजातन्त्र पार्टी १६ हजार ७ सय ७१ मतसहित पाँचौं स्थानमा रहेको छ । खसेको मतमध्ये एक लाख ७० हजार एकसय ६६ सदर हुँदा ७ हजार ६ सय ९९ मत बदर भएको जिल्लाको निर्वाचन अधिकृत कार्यालयले जनाएको छ ।

प्रत्यक्षतर्फ दुई प्रतिनिधि सभा रहेको जिल्लामा एमाले र राप्रपाले एक/एक स्थानमा जितेका छन्। प्रदेशसभामा माओवादी केन्द्रले दुई स्थानमा बाजी मार्दा एमाले र कांग्रेस एक-एक स्थानमा विजयी भएका छन् ।

# सात प्रदेशमध्ये रास्वपाको मत बागमतीमा धेरै

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को मत सात प्रदेशमध्ये सबैभन्दा धेरै बागमतीबाट आएको देखिएको छ ।

रास्वपालाई सहरी क्षेत्रबाट धेरै आएको मत देखिएको छ । रास्वपाका प्रत्यक्षतर्फका प्रतिनिसभाका उम्मेदवारहरुले पनि सहरी क्षेत्रबाट चुनाव जितेका छन् । गाउँ क्षेत्रबाट उठेका उम्मेदवारहरुले विजय हुन नसकेको देखिन्छ । जसकारण रास्वपाको मत बागमती प्रदेशबाट धेरै आएको हो । देशका सात प्रदेशमध्ये धेरै सहरी क्षेत्र रहेको र बढी जनसंख्या रहेको क्षेत्र बागमतीमा पर्दछन् । बागमतीका काठमाडौं, ललितपुर र भक्तपुर धेरै जनसंख्या भएको क्षेत्र हो । यसैगरी, बागमतीका हेटौंडा, भरतपुर, बनेपा, धुलिखेल, सिन्धुलीमाडी लगायतका धेरै सहरी क्षेत्रबाट रास्वपालाई मत आएको देखिन्छ ।

रास्वपाका अधिकांश सांसद बागमतीबाटै निर्वाचित भएका छन् । यस पार्टीका सभापति रहेका लामिछानेसमेत बागमती प्रदेशअन्तर्गत् भरतपुर महानगरपालिका क्षेत्रबाट निर्वाचित भएका थिए । अन्य उम्मेदवारहरु काठमाडौंबाट विजयी भएका छन् । प्रदेश छाडेर प्रतिनिधिसभा निर्वाचनमा मात्र उमेदवारी दिएको नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रदेशहरुबाट उल्लेख्य मत प्राप्त गरेको हो । तर, प्रत्यक्षतर्फ धेरै जित निकाल्न नसकेपनि पहिलो प्रतिस्पर्धाबाटै समानुपातिकमा भने राम्रो मत ल्याएर राष्ट्रिय दल बन्न सफल भएको हो ।

बागमती प्रदेशबाट रास्वपाले २ लाख ८३ हजार ७ सय ७८ मत ल्याएको छ । रास्वपाले बागमती प्रदेशबाट सबैभन्दा बढी मत प्राप्त गरेको निर्वाचन आयोगको तथ्यांकले देखाएको छ ।

प्रदेश नम्बर १ बाट समानुपातिकतर्फ १ लाख ८६ हजार ६५ मत प्राप्त गरेको छ । निर्वाचन आयोगको तथ्यांकअनुसार रास्वपाले मधेश प्रदेशबाट ६० हजार ९ सय ९५ मत प्राप्त गरेको छ । गण्डकी प्रदेशमा रास्वपाले १ लाख ६६ हजार ०७५ मत प्राप्त गरेको छ । यसैगरी, लुम्बिनी प्रदेशबाट १ लाख ८६ हजार ९ सय २० र कर्णाली प्रदेशबाट २० हजार १ सय ६७ मत ल्याएको छ । रास्वपाले सबैभन्दा थोरै मत कर्णाली प्रदेशबाट प्राप्त गरेको हो । सुदूरपश्चिम प्रदेशबाट रास्वपाले जम्मा ३७ हजार ८ सय १ मत ल्याएको छ ।

# बागमती प्रदेशसभामा माओवादीबाट अधिकांश युवा सांसद

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ नेकपा माओवादी केन्द्रका ५० वर्षभन्दा कम उमेरका युवा सांसदहरुले बागमती प्रदेशसभामा प्रवेश पाउने भएका छन् ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा माओवादीले बागमती प्रदेशसभाको १४ स्थानमा जीत हात पारेको छ । जसमा अधिकांश ५० वर्षभन्दा कम उमेरका सांसद रहेका हुन् । रामेछाप निर्वाचन क्षेत्र नं १ (१) बाट ५० वर्षीय तारानारायण श्रेष्ठ र १ (२) बाट ४४ वर्षीय युवराज चौलागाईं, सिन्धुली १ (१) बाट ४७ वर्षीय मातृकाप्रसाद भट्टराई, सिन्धुली २ (२) बाट ५२ वर्षीय गंगानारायण श्रेष्ठ, रसुवा १ (२) बाट ५१ वर्षीय इन्द्रप्रसाद गोतामे, नुवाकोट १ (१) बाट ३९ वर्षीय राधिका तामाङ र नुवाकोट २ (१) बाट ७२ वर्षीय रामप्रसाद ढुंगाना निर्वाचित भएका छन् । काभ्रेपलाञ्चोक १ (१) बाट ४१ वर्षीय रत्नप्रसाद ढकाल, सिन्धुपाल्चोक १ (२) बाट ४१ वर्षीय सरल सहयात्री पौडेल, सिन्धुपाल्चोक २ (१) बाट ३९ वर्षीय युवराज दुलाल, मकवानपुर २ (१) बाट ४२ वर्षीय कुमारी मुक्तान, मकवानपुर १ (१) बाट ४९ वर्षीय प्रेमबहादुर पुलामी, चितवन (२) बाट ६७ वर्षीय ठाकुर प्रसाद ढकाल, धादिङ १ (२) बाट ५१ वर्षीय शालिकराम जम्मकट्टेल विजयी हुनुभएको छ ।

जम्मकट्टेल हाल बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना र ढकाल युवा तथा खेलकूदमन्त्री र तामाङ बागमती प्रदेशको उपसभामुख छन्। दुलाल यसअघि बागमती प्रदेश सरकारको सामाजिक विकासमन्त्री हुन्। सरल सहयात्री माओवादीको बागमती प्रदेशको अध्यक्ष हुन्। माओवादीबाट बागमती प्रदेशसभामा उम्मेदवार बनेका चार नेता पराजित भएका छन्। धादिङ क्षेत्र नं १ (१) बाट जगतबहादुर सिंखडा, चितवन २ (१) बाट घनश्याम दाहाल, ललितपुर १ (१) बाट हरि दाहाल र ललितपुर ३ (१) बाट राजकाजी महर्जन पराजित हुनुभएको हो ।

बागमती प्रदेशसभाको प्रत्यक्षतर्फ माओवादीले १८ उम्मेदवार उठाएको थियो। यस प्रदेशसभाको कुल ६६ निर्वाचन क्षेत्रमध्ये हालसम्म ६४ स्थानको नतिजा आइसके पनि दोलखाका दुई प्रदेशसभा सदस्यको मतगणना हुन सकेको छैन । बागमतीमा कांग्रेसका २४, एमालेका १२, राष्ट्रिय प्रजातन्त्र पार्टीका ७, नेकपा एकीकृत समाजवादीका ५ तथा नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टीका एक/एक उम्मेदवार निर्वाचित भएका छन् ।

**वनदेवी दूध उत्पादक सहकारी संस्था लि.**
हेटौंडा-७, मकवानपुर

**दरभाउ पेश गर्ने सम्बन्धी सूचना**

नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गत नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गत उन्नत गाईपालन एवम् दूध उत्पादन आयोजना संचालनको लागि गाई खरिद गर्नुपर्ने भएकोले पान वा मु.अ.कर मा दर्ता भएको गाई फर्मले सूचना प्रकाशित मितिले ७ दिन भित्र संस्थामा दरभाउ पेश गर्न हुन यस सूचना प्रकाशित गरिएको छ ।

१. गाई (वर्णशंकर जात) १०० वटा — प्रतिदिन १० लि. भन्दा दूध उत्पादन क्षमता भएको

**विजय बहादुर बस्नेत (अध्यक्ष)**
वनदेवी दूध उत्पादक सहकारी संस्था लि.

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्त्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना